# नेपाल गजेट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक २७ गते २०१३ साल

## कानून तथा संसदीय प्रबन्धमन्त्रालयको सूचना

सरकारले नेपाल निजामती सेवा ऐन, २०१३ अन्तर्गत बनाएको तल लेखिएबमोजिमको न्याय सेवा [गठन] नियम सर्वसाधारण जनताको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

नेपाल निजामती सेवा ऐन, २०१३ का दफा ३ ले दिएको अधिकार प्रयोग गरी सरकारले देहायका नियमहरू बनाएको छ।

१. [१] यी नियमहरूको नाम–"नेपाल न्याय सेवा[गठन]नियमहरू २०१३" रहेको छ।

[२] यी नियमहरू तुरून्त लागू हुनेछन्।

२. व्याख्याः— यी नियमहरूको व्याख्या गर्दा नेपाल कानून व्याख्या सम्बन्धी ऐन प्रयोग गरिनेछ।

३. [१] न्याय सेवामा सीनियर श्रेणी र जूनियर श्रेणी गरी जम्मा २ श्रेणी-हरू हुनेछन्।

[२] सीनियरश्रेणीमा १८ पदहरू र जूनियर श्रेणीमा ७३ पदहरू रहनेछन्।

[३] न्याय सेवाको दुवै श्रेणीमा सरकारले समय समयमा तोकेबमोजिमका अस्थायी पदहरू पनि रहनेछन्।



259

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. [१] न्याय सेवाको पहिलो पटक गठन हुँदा सर्वोच्च अदालतका अस्थायी विशेष न्यायाधीशहरू, रजिष्ट्रार, असिस्टेन्ट रजिष्ट्रार, औ सचिवालयतर्फ कानूनमन्त्रालय र ल. कमिशनमा बहाल रहेका मासिक रु. १८०। वा सोभन्दा बढी तलब खाने अफिसरहरूले स्क्रिनिङ गर्नका निमित्त देहायका व्यक्तिहरूको एक सल्लाहकार समिति हुनेछ।

[क] श्री माननीय प्रधान मन्त्री — अध्यक्ष

[ख] श्री माननीय प्रधान न्यायाधीश — सदस्य

[ग] श्री माननीय प्रधान मन्त्रीले तोकेको सर्वोच्च अदालतको कुनै न्यायाधीश — सदस्य

[२] यी नियमहरूमा उल्लिखित सिद्धान्तका आधारमा शैक्षिक योग्यता, अनुभव, आचरण, दक्षता इत्यादिको विचार गरी सो समितिले उपनियम (१) मा लेखिएका अफिसरमध्येको को न्याय सेवाको कुनकुन श्रेणीको पदमा नियुक्त हुन लायक छन्, सो कुरा छानबीन र ठहर गरी स्थायी नियुक्तिका लागि सिफारिस गर्नेछ।

तर कानूनमन्त्रालय र ल. कमिशनबाट ४ भन्दा बढी व्यक्ति सीनियर श्रेणीमा नियुक्त गर्न सिफारिस गरिनेछैन।

५. न्याय सेवाको प्रारम्भिक गठन गर्दा स्वीकृत विश्व विद्यालयबाट ल. को डिग्री प्राप्त हुनै व्यक्तिलाई केही समयको अभ्यास अवधि पछि स्थायी नियुक्ति हुने गरी सरकारले प्रधान न्यायाधीशसंग सल्लाह गरी नियुक्त गर्न सक्नेछ।

६. निम्नलिखित पदहरूमा यसपछिको नियमानुसार नियुक्ति गर्नको लागि सिफारिस गरिनेछ।

[क] सीनियर श्रेणीका १५ पदहरूमा कमसेकम ७ स्थायी र बाँका अस्थायी हुनेछ।

[ख] जूनियर श्रेणीका ६६ पदहरूमा लगभग ४५ स्थायी र बाँकी अस्थायी हुनेछ।

स्पष्टीकरणः— सीनियर श्रेणीको अस्थायी पदमा काम गर्ने जूनियर श्रेणीको स्थायी पदका व्यक्तिहरूबाट लिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. नियम ६ बमोजिमको पदहरूमा नियुक्त गर्नेको लागि सरकारलाई सल्लाह दिन ४ व्यक्तिहरूको एक सल्लाहकार समिति (यसपछि समिति भनी लेखिएको) हुनेछ, जसको अध्यक्ष सर्वोच्च अदालतका प्रधान न्यायाधीश हुनेछन्। अन्य २ सदस्यहरूको नाम प्रधान न्यायाधीशको सल्लाह लिई सरकारबाट पछि गजेटमा प्रकाशित गरिनेछ।

८. [१] यी नियमहरू प्रारम्भ हुनुभन्दा अगाडि नेपाल सरकार मातहत कुनै निजामती पदमा बहाल रहेको प्रत्येक व्यक्ति न्याय सेवाको पदमा नियुक्त हुनको निमित्त देहायको अवस्थामा छानिन सक्नेछन्।

[क] अमिनी, अदालत वा अपील अड्डा अथवा सोभन्दा माथिल्लो अड्डामा कमसेकम ५ वर्षमा नघटाई हाकिम भई काम गरेको, वा

[ख] अमिनी, अदालत वा अपील अड्डा अथवा सोभन्दा माथिल्लो अड्डामा असिस्टेन्ट, फाँटवाला, मेम्बर, तहरीर वा ऐनबमोजिम फैसलामा राय दिन पाउनेसंमका दर्जामा ७ वर्षमा नघटाई काम गरी सकेको, वा

[ग] नियम ४ को उपनियम [२]बमोजिम नछानिएको कुनै व्यक्ति।

[२] उपनियम [१] अन्तरगत छानिन सक्ने व्यक्तिहरू मध्येबाट प्रारम्भिक गठन गर्दा न्याय सेवामा नियुक्त हुन इच्छा हुनेले आफ्नो शैक्षिक योग्यता र नोकरीको बयानसमेत खोलिएको विवरणपत्र सर्वोच्च अदालतको रजिष्ट्रारछेउ पठाउनुपर्छ।

[३] त्यस्तो विवरणपत्र यी नियमहरू लागू भएको २ महीनाभित्रै सर्वोच्च अदालतका रजिष्ट्रारछेउ पुग्ने गरी पठाउनुपर्छ।

[४] निजामती कर्मचारीले विवरणपत्रमा उल्लेख गरेको खास खास कुरा झुट्टा ठहरिन आएमा सो कर्मचारी नोकरीबाट बर्खास्त गरिन सक्नेछ।

[५] सर्वोच्च अदालतका रजिष्ट्रारले यस्तो विवरणपत्रहरू समितिमा पेश गर्नुपर्छ।

९. [१] नियम ८ को उपनियम [२] अन्तर्गत पेश गरिएका विवरणहरू समितिले जाँची आवश्यक ठानेमा सो विवरणहरूमा उल्लेख गरि-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एका खास खास कुराहरू छानवीन गरी हरएक उम्मेदवारलाई उपनियम [२] र [३] मा लेखिएबमोजिम नम्बर दिनेछ ।

[२] उम्मेदवारले गरेको सरकारी नोकरीको हकमा समितिले हरएक उम्मेदवारलाई देहायको हिसावले नम्बर दिनेछः–

[क] अपील अड्डाभन्दा माथिको अदालत तर्फका अड्डाको हाकिम वा कानूनमन्त्रालयको सेक्रेटरी वा ऐन सवाल फाँटको हाकिम भई काम गरेकोमा समेत वा सो सरहको पदमा काम गरेको प्रत्येक वर्षको नोकरीमा ७ नम्बर ।

[ख] कानूनमन्त्रालयको डेपुटी सेक्रेटरी वा ल कमिशनका सेक्रेटरी वा मेम्बर वा अपील अड्डाको हाकिम भई काम गरेमा समेत वा सोसरहको पदमा काम गरेको प्रत्येक वर्षको नोकरीमा ५ नम्बर ।

[ग] कानूनमन्त्रालयको असिस्टेन्ट सेक्रेटरी वा ऐन सवाल फांटको सुब्बा वा सोभन्दा माथि वा अदालत अमिनीका हाकिम वा प्रधानन्यायालय वा भारादारीको मेम्बर वा असिस्टेन्ट वा महिना १ को रू १५०। वा सोभन्दा बढी तलब भएको पदमा काम गरेको प्रत्येक वर्षको ४ नम्बर ।

[घ] अदालत, अमिनी र मुद्दा मामिला हेर्ने पाउने तराईको गोश्वाराको असिस्टेन्ट, तहरीर, मुद्दा हेर्ने फाँटवाला वा कानूनमन्त्रालय वा ऐन सवाल फाँटका फांटवालासम्म वा भरू पदमा काम गरेको प्रत्येक वर्षको ३ नम्बर ।

यो उपनियमबमोजिम उम्मेदवारले पाएको नम्बरहरू जोडी सो उम्मेदवारको नाममा चढाइनेछ । तर त्यस्तो नम्बर ६० भन्दा बढी हुन सकैन ।

(३) तल दिएको तालिकाको कलम १ मा तोकेका हरएक शैक्षिक योग्यताको निमित्त समितिले कुन उम्मेदवारले परिक्षामा कुन श्रेणीमा पास गरेको रहेछ सो जांची हरएक उमेदवारलाई तालिकामा दिएको २,३ वा ४ कलममा तोकिएबमोजिम नम्बरहरू दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## तालिका

| [१] | तेश्रा श्रेणी [२] | दोश्रा श्रेणी [३] | पहिलाश्रेणी [४] |
|---|---|---|---|
| १. निजामती पास | ७ | १० | १३ |
| २. म्याट्रिक वा सोसरह | १० | १५ | २० |
| ३. आई. ए. वा सोसरह | १० | १५ | २० |
| ४. बी. ए. वा सोसरह | १५ | २० | २५ |
| ५. एम्. ए. वा सोसरह | १५ | २० | २५ |
| ६. एल. एल. बी. वा बी. एल. वा वार एट ल. | १८ | २२ | २६ |

नेपाल ऐन हिसाव वा श्रेस्तामा मध्यमालाई चाहिनेभन्दा बढी पास गरेकोमा प्रत्येक पासलाई थप २ नम्बर दिइनेछ ।

यो उपनियमअनुसार उम्मेदवारले पाएको प्रत्येक शैक्षिक योग्यताको नम्बरहरू जोडी सो उम्मेदवारको नाममा चढाइनेछ।

१०. उम्मेदवारहरूको फैसला लेख्ने योग्यता जाँचनेको लागी समितिले लिखित परीक्षा लिनेछ, हरएक उम्मेदवारलाई एउटा मिसिल दिइनेछ र निजले (क) फिरादपत्रको र प्रतिउत्तरपत्रको मजबून र [ख] मुद्दामा मुख्य ठहऱ्याउनुपर्ने कुरा र त्यसमा लाग्ने कानूनसमेत देखाई प्रमाणसमेतको विचार गरी फैसला लेख्नुपर्नेछ । उम्मेदवारले कानूनको पुस्तकहरू हेर्न पाउनेछन् । समितिले उमेदवारहरूले लेखेको फैसला जाँची जम्मा २०० नम्बरसम्म दिइनेछ ।

११. उमेदवारहरूले अघि गरेको न्यायतर्फको कामहरूमा सरकारबाट पाएको प्रशंसा, पुरस्कार, नेकीबदी, वर्ष दिनमा फछ्र्यौट गरेको काम र उल्टी पटकेसमेतको विचार गरी१०० नम्बरसम्म दिइनेछ।

१२, [१] समितिले नियम ९,१०,११ अनुसार हरएक उमेदवारलाई दिएको नम्बरहरू जोडी योग्यताको क्रमअनुसार उमेदवारको फिरिस्त तयार गर्नेछ। सो फिरिस्तको आधारमा सीनियर श्रेणी वा जूनियर श्रेणीमा नियुक्तिलाई समितिले सिफारिस गर्नेछ ।

देहायका अवस्थामा समितिले सिफारिस गर्नेछन:—

[क] जम्मा १२५ भन्दा कम नम्बर पाएमा वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
254

[ख] अरू कुनै कारणवश उमेदवारको सम्बन्धमा समितिको चित्त नबुझेमा ।

[२] उपनियम [१] बमोजिम नछानिएको व्यक्ति अरू किसिमबाट योग्य रहेछ भने निज जुनियर श्रेणीभन्दा मुनिका कुनै पदमा नियुक्त हुनलाई छानिन सक्नेछ ।

१३. हरेक श्रेणीका अफिसरहरूको आपसमा सीनियारेटी निजहरुले नियम ९ बमोजिम पाएका नम्बरअनुसार सरकारद्वारा निर्धारित गरिनेछ ।

१४. यी नियमहरूबमोजिम सेवाको गठन भएपछि नेपाल निजामती सेवा ऐन, २०१३ अन्तर्गत बनेको भर्ना गर्ने नियमहरूबमोजिम बाहेक कसैलाई पनि सेवामा भर्ना गर्न हुँदैन।

१५. हाल भैरहेको अपील, अमिनी, अदालतहरुका वर्तमान हाकिमहरुले न्याय सेवामा स्थान पाउन सकेनन् वा तो नियमहरुबमोजिम छानिनका निमित्त बिवरणपत्र नै दिएनन् भने त्यस्ता हाकिमहरू स्वतः खारेज भएका मानिनेछन् ।

१६. यी नियमहरुबमोजिम गठन भएका समितिहरुले आफ्नो कार्यविधि व्यवस्थित गर्न उचित प्रबन्ध गर्न सक्नेछ ।

आज्ञाले-

नयनबहादुर खत्री क्षत्री,

सेक्रेटरी-कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

मुद्रण विभाग

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।